annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २१ भदौ २०८१ | भाद्र शुक्लपक्ष तृतीया नेपाल संवत् ११४४ | FRIDAY, SEPTEMBER 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी/तीज विशेष

# महिलाले हाँकेका सहकारी अब्बल



सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा बनेको संसदीय छानबिन समितिसँगको छलफलमा महिला सहकारी नेतृत्वकर्ता। ● केशरराज क्षेत्री

जम्मा सहकारी
३१,४५०

महिलाले हाँकेका सहकारी
४,११३

**केशरराज क्षेत्री** | **बुटवल**

**– को रिपोर्ट**

सहर बजारमा रहेका केही ठूला सहकारीले 'ठगी' गरेपछि सहकारीप्रतिको आम दृष्टिकोण नकारात्मक छ। नहोस् पनि किन ? रगत र पसिनाको कमाइमा सहकारीका सञ्चालकले रजाईं गरेपछि बचतकर्ता घर न घाटका भएका छन्। तर, महिलाले नेतृत्व गरेका सहकारीको अवस्था भने फरक छ। त्यस्ता सहकारीका कारण उत्पादनसँग महिला जोडिएका छन्। सुख दुःखका साथी बनेका छन्। त्यतिमात्र होइन, चुलोचौकामा सीमित महिलाहरू सामाजिक आन्दोलनका विभिन्न नेतृत्व तहमा सहकारीकै कारण पुगेका छन्। त्यसैकारण, सबै सहकारीलाई एउटै डालोमा हाल्दा आफूहरू पीडित बनेको विभिन्न सहकारीको नेतृत्व गरेका महिलाहरू बताउँछन्। मुलुकभरका ३१ हजार सहकारीमध्ये ४ हजारको नेतृत्व महिलाले लिएका छन्।

समाचार पृष्ठ २

## के भन्छन् सहकारी महिला नेतृत्व ?

- ऋण तिर्नै हुन्न भन्ने हल्लाले समस्या
- बजारीकरणमा झनै समस्या
- राज्यले प्रोत्साहन गरेन
- महिलाको आयआर्जन र नेतृत्व विकास
- घरमै सीमित महिला नेतृत्वमा पुगे
- महिला नेतृत्वका कुनै सहकारी डुबेनन्
- सुत्केरीलाई प्रोत्साहन
- धेरैमा तरलता छ
- बचतकर्तालाई लाभांश वितरण
- सदस्यले लान्छन् ऋण, तिर्न आनाकानी श्रीमान्को
- समयमै साधारणसभा
- नीति, ऐन र कार्यविधि बनाएर मात्र सञ्चालन
- गरिब, निमुखा र अशायको भरोसा
- सामाजिक उत्तरदायित्व सम्झन्छन् र छैन तडकभडक।
- रोकियो युवाको विदेश यात्रा
- पासपोर्ट च्यातेर युवा लागे व्यवसायमा
- महिला नेतृत्वको सहकारी इमान्दारी
- कोही सहकारी निरन्तर उत्कृष्ट, सरकारबाट सम्मानित
- ढुक्क छन् बचतकर्ता
- झेल्नुपरेको छैन कुनै समस्या

# अख्तियार भनिरहन्छ, सरकारी निकाय सुनिरहन्छन्




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सक्रियता बढ्दो छ। प्रेमकुमार राई प्रमुख आयुक्त भएर आएपछि 'ठूला माछा' पनि ठूलै संख्यामा कानुनी कठघरामा पुगेका छन्।

तर, पनि राज्यका नीति र क्रियाकलाप सुशासनमैत्री नहुँदा भ्रष्टारको आयतन घट्न सकेको छैन। 'अख्तियारले सुशासनका लागि सरकारी निकायलाई सचेत गराइरहन्छ', त्यहाँका एक अधिकारी भन्छन्, 'सरकारी निकाय सुनिरहन्छन् मात्र।'

यस सन्दर्भमा यहाँ अख्तियारको प्रतिवेदन, २०७९/८० भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्न दिइएका सुझावलाई लिन सकिन्छ। अख्तियारका अनुसार यस्ता सुझावको खासै वास्ता हुने गरेको छैन। बर्सेनि यस्तै सुझाव आयोगले दिन्छ, सरकारी निकाय कानमा तेल हालेर बस्छन्।

**अख्तियारका केही सुझाव यस्ता छन्–**

**शासकीय संरचना सुधारसम्बन्धी**

-संविधानअनुसार संघीयता कार्यान्वयनमार्फत शासकीय सुधारका लागि तर्जुमा वा संशोधन गर्न बाँकी रहेका कानुनहरू यथाशीघ्र तर्जुमा वा संशोधन गर्ने,

-तीनै तहका सार्वजनिक निकायले प्रभावकारी सेवा प्रवाह र सुशासन प्रबर्द्धनका लागि कार्यदक्षता, मितव्ययिता र पारदर्शिता कायम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रशासनि पुनर्संरचनालाई पूर्णता दिने,

-सबै सार्वजनिक निकायले अनियमितता र भ्रष्टाचारको जोखिम मूल्याङ्कन गरी यसविरुद्ध निर्मम रूपमा प्रभावकारी संयन्त्र, प्रविधि, स्रोत र जनशक्ति परिचालन गर्ने,

-सार्वजनिक निकायले नीतिगत निर्णय र विकास निर्माण, वस्तु तथा सेवाको उत्पादन, प्रबर्द्धन र वितरणका चरणहरूमा सरोकारवाला निकाय/व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने,

- कुनै पनि तहमा तोकिएबमोजिमको कार्यसम्पादन गर्दा आधार, कारण, औचित्य, उपलब्धि, दायित्व र जिम्मेवारी स्पष्ट हुने गरी कार्यविधि, मापदण्ड वा निर्देशिका बनाई लागू गर्ने,

-जुन काम वा निर्णय जुन पद वा संस्थाबाट गर्ने भनी तोकिएको छ, उक्त काम वा निर्णय तोकिएकै व्यक्ति, पद वा संस्थाबाट मात्र गराउने, यसरी कार्य भए नभएको विषय सम्बन्धित सुपरीवेक्षण गर्ने निकायले यकिन गराउने प्रणालीको विकास गर्ने,

-सार्वजनिक निकायले भ्रष्टाचार विरुद्ध सजग र संवेदनशील रही नियामक निकायका निर्देशन र सुझावहरू कार्यान्वयन गर्ने,

सबै सार्वजनिक निकायहरूले सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, - लेखापालनलगायत सम्बद्ध प्रणालीहरू अनिवार्य अवलम्बन गर्दै सोको अनुगमन र प्रतिवेदनसमेत गर्ने।

**सार्वजनिक सेवा प्रवाह र सुशासनसम्बन्धी**

-सरकारी निकाय वा पदाधिकारीले दिने सेवा वा गर्ने निर्णयको निश्चित समय सीमा तोक्ने व्यवस्था मिलाउने,

-सेवा सञ्चालन गर्ने निकायले कार्यसम्पादन मूल्यांकन, सरुवा, बढुवा, अनुभव, योग्यतालगायतका विवरणहरू सम्बन्धित किताबखानाको अनलाइन प्रणाली विकास गरी अद्यावधिक गर्ने,

-कर्मचारीहरूको आचरण, समयको परिपालना, पोसाकलगायतका विषयसमेत समेट्ने गरी कार्यसम्पादन मूल्यांकनको मौजुदा व्यवस्थालाई वस्तुपरक, वैज्ञानिक र व्यावहारिक बनाउने,

-व्यवस्थापकीय पदहरूमा कार्यसम्पादन करारलाई अनिवार्य गरी सोको प्रभावकारी कार्यान्वयनका लागि करार अवधिभर सरुवा नगर्ने। कार्यसम्पादन करारलाई कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गर्ने,

-सबै सरकारी भुक्तानीलाई क्रमशः अनिवार्य विद्युतीय भुक्तानी प्रणालीमा रूपान्तरण गर्ने, गैरविद्युतीय भुक्तानी निरुत्साहित गर्न सदर गर्ने निकायले यसको अनुगमन गर्ने,

-सार्वजनिक सेवा प्रवाहलाई सशक्त बनाउन सेवा प्रदायकहरूको क्षमता विस्तार, प्रविधिको उच्चतम उपयोग, निजी क्षेत्रसँग सहकार्य तथा एकद्वार प्रणाली जस्ता प्रक्रियामार्फत समय, लागत र दुरी घटाउने,

» बाँकी पृष्ठ ६

# ग्रामीण भेगका सामुदायिक विद्यालयको नतिजा उकासौं



**मीनप्रसाद लामिछाने**

इजलास

सामुदायिक विद्यालयको यस वर्षको माध्यमिक शिक्षा परीक्षाको नतिजा तुलनात्मक रूपमा गत वर्षहरूको भन्दा कमजोर देखियो। खास गरेर ग्रामीण भेगका विद्यालयको नतिजा त झनै खस्कियो। कतिपय विद्यालयहरूको उत्तीर्ण प्रतिशत त शून्यमै झर्‍यो।

ग्रामीण भेगका विद्यालयहरूमा आवश्यक शिक्षक दरबन्दी र विषयगत शिक्षकको अभाव छ। र, खास गरेर विद्यार्थीले गाह्रो मान्ने विषयहरू जस्तैः अंग्रेजी, गणित, विज्ञान आदिमा त दक्ष र अनुभवी शिक्षक पाउनै मुस्किल छ। तल्लो तह र योग्यताका शिक्षकले जसोतसो माथिल्लो कक्षा धान्नु परेको छ।

त्यस्तै, साना कक्षाहरूमा उदार कक्षोन्नतिको नीति अवलम्बन गरिने गरिएको छ, जसले गर्दा सामान्य आधार नबनेका विद्यार्थीहरू पनि माथिल्लो कक्षासम्म पुग्ने गरेका छन्। यसले विद्यार्थीमा 'नपढे पनि कक्षोन्नति भइहाल्ने रहेछ किन दुःख गर्नु' भन्ने मनोविज्ञान बलियो बनाएको देखिन्छ। अभिभावक र विद्यार्थी दुवैमा 'पढेर नि देशमा रोजगारी पाइने हैन, जसरी नि विदेशै जानु छ भने किन मरिहत्ते गर्ने' भन्ने भाष्य विकास भएर गएको छ।

त्यस्तै शिक्षित र सम्पन्न अभिभावक सकेसम्म आफ्ना बाबुनानीहरूलाई निजी विद्यालयमै पढाउन खोज्ने हुँदा सार्वजनिक विद्यालय भनेको त अशिक्षित वा अर्धशिक्षित अभिभावकहरूको मात्रै हुने गरेको छ र उनीहरू आफ्ना बाबुनानीहरूको भविष्यप्रति गम्भीर हुन जान्दैनन्। अभिभावकहरू तुलनात्मक रूपमा गरिब छन् जो आफ्ना बाबुनानीहरूलाई स्कुलले सञ्चालन गर्ने अतिरिक्त कक्षामा समावेश गर्न सक्दैनन्।

ग्रामीण भेगमा पनि अब इन्टरनेटको पहुँच सहज भएको छ। यसलाई विद्यार्थीले पढाइमा भन्दा खेलमा वा नकारात्मक कुरामा बढी प्रयोग गर्ने गरेका छन्। जसले विद्यालय तहमा विद्यार्थीको पढाइलाई असर पुर्‍याइरहेको छ। अध्यापन शैली पुरानै छ, जसले विद्यार्थीलाई पढाइमा आकर्षण पैदा गर्न सकिरहेको छैन। ग्रामीण भेगका सामुदायिक विद्यालयहरूमा सम्बन्धित निकायको नियमित अनुगमन र पृष्ठपोषणको पनि अभाव छ। विद्यालय स्थानीय तहको राजनीतिको अखडा बन्दै गएको छ।

*(लामिछाने, चन्द्रोदय मावि हेटौंडाका शिक्षक हुन्।)*

# प्रधानमन्त्री ओली अमेरिका जाँदै



**काठमाडौं** (अन्नपूर्ण) : संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका जाने भएका छन्। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको अमेरिका भ्रमण स्वीकृत गरेको एक मन्त्रीले बताए। असार ३० मा प्रधानमन्त्रीमा नियुक्त ओलीको अमेरिका पहिलो विदेश भ्रमण हुँदै छ।

प्रधानमन्त्रीसँगै उनकी पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सचिव सेवा लम्साल, प्रधानमन्त्रीका निजी चिकित्सक पनि महासभामा भाग लिन अमेरिका जाने छन्। राष्ट्रसंघको ७९औं महासभा सेप्टेम्बर १० देखि अमेरिकाको न्युयोर्कमा हुँदै छ।

